# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख ११ गते २०५८ साल (अतिरिक्ताङ्क ४


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ युवराजाधिराज सरकारबाट जापान सरकारको मैत्रीपूर्ण निमन्त्रणामा २०५८ साल वैशाख ११ गतेदेखि २० गतेसम्म गरिबक्सने मित्रराष्ट्र जापानको भ्रमणका अवसरमा मौसूफका सवारी साथ माननीय विज्ञान तथा प्रविधि मन्त्री श्री सुरेन्द्रप्रसाद चौधरी त्यसतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय शिक्षा तथा खेलकूद मन्त्री श्री आमोदप्रसाद उपाध्यायले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री ओमकारप्रसाद श्रेष्ठ माल्दिभ्समा हुने विश्व पर्यटन संगठनको दक्षिण एशिया क्षेत्रीय बैठकमा भाग लिन २०५८ साल बैशाख १० गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय जनसंख्या तथा वातावरण मन्त्री श्री सिद्धराज ओझाले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


96

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।